## संविधानसभा सदस्य निर्वाचन, २०७०

# बालअधिकार अनुगमन

## सहयोगी पुस्तिका

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

**केन्द्रीय बालकल्याण समिति**

हरिहरभवन, पुल्चोक, ललितपुर

# प्राक्कथन

लोकतान्त्रिक संघीय गणतन्त्र नेपालको संविधान निर्माण गरी नयाँ नेपाल बनाउने प्रक्रिया अघि बढाउन प्रक्रिया २०७० मंसिर ४ गते नेपालमा दोस्रो संविधानसभा सदस्यको निर्वाचन हुँदैछ। संविधानसभाको निर्वाचन राष्ट्रका सबै तह र तप्काका नागरिक एवम् सबै वर्ग र समुदायका लागि अत्यन्तै महत्वपूर्ण अवसर हो। कुल जनसंख्याको ४४ प्रतिशत हिस्सा ओगट्ने नेपालका बालबालिकाका लागि पनि आफ्नो अधिकार संरक्षण र सहभागिता सुनिश्चित गरिएको संविधानसहितको समृद्ध जीवनको लागि संविधानसभाको निर्वाचन अत्यन्त महत्वपूर्ण रहेको छ। लोकतान्त्रिक मूल्य-मान्यतामा आधारित शान्तिपूर्ण र विधिसम्मत राजनीतिक अभ्यासहरूले लोकतान्त्रिक प्रणाली र संस्कृतिको सबलीकरण र विकासमा सहयोग पुऱ्याउँछ। तर हिंसा, द्वन्द्वयुक्त, असहिष्णु र गलत राजनीतिक संस्कारले लोकतन्त्र, मानवअधिकार र शान्तिपूर्ण समाजको निर्माणमा भने अवरोध सृजना गर्दछ।

निर्वाचन र निर्वाचनसँग सम्बन्धित राजनीतिक गतिविधिहरूमा हुने द्वन्द्व, हिंसा, अलोकतान्त्रिक अभ्यास र संस्कृतिले निष्पक्ष, स्वतन्त्र र भयरहित निर्वाचनलाई अवरोध पुऱ्याउने मात्र नभई समुदायमा रहेका बालबालिकालाई प्रत्यक्ष र परोक्ष रूपमा नकारात्मक प्रभाव पारिरहेका हुन्छन्। यस्ता अभ्यासहरू कतिपय अवस्थामा बालअधिकारको हनन गर्ने खालका पनि हुन्छन्।

केन्द्रीय बालकल्याण समितिले बालबालिकाको अधिकार, विकास, संरक्षण र सहभागिताका अवसरहरूको पक्षमा गरिने कार्यको समन्वय गर्ने, उनीहरूको अधिकार संरक्षण र सम्वर्द्धनका निम्ति पहलकदमी गर्ने र बालबालिकाको अवस्था अनुगमन गर्ने कार्य गर्दै आइरहेको छ। केन्द्रीय बालकल्याण समितिले नेपाल सरकारलाई

बालबालिकाप्रतिको आफ्ना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक समन्वय गर्ने प्रमुख निकायको रूपमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ । जसअनुरूप संविधानसभा सदस्य निर्वाचन, २०७० मा हुनसक्ने सम्भावित बालअधिकार हननका घटनालाई मध्यनजर गर्दै सकेसम्म त्यस्ता घटनाहरू हुन नदिन र घटनाको न्यूनीकरण गर्न अनुगमन गर्ने जमर्को गरेको छ । यस पटक बालअधिकार अनुगमनलाई व्यवस्थित, वैज्ञानिक र बढी तथ्यपरक बनाउँदै आगामी दिनमा हुने निर्वाचनसँग सम्बन्धित राजनीतिक क्रियाकलापहरूमा बालअधिकारको सम्मान र प्रवर्द्धनप्रति सम्बन्धित पक्षहरूलाई संवेदनशील बनाउन आवश्यक पहल गर्ने उद्देश्यका साथ यो सहयोगी पुस्तिका तयार पारिएको छ ।

प्रस्तुत सहयोगी पुस्तिका जिल्ला बालकल्याण समितिका साथै सबै बालअधिकारकर्मी, आमसञ्चार माध्यम, निर्वाचन पर्यवेक्षणमा संलग्न संघ-संस्था, मानवअधिकार तथा बालअधिकार अनुगमनका क्षेत्रमा कार्य गरिरहेका निकाय र संघ-संस्थाहरूका लागि सहयोगी हुनसक्ने अपेक्षा गरिएको छ । यस पुस्तिकाले आगामी दिनहरुमा हुने कुनै पनि निर्वाचन लगायत अन्य राजनैतिक गतिविधिमा हुन सक्ने बालअधिकार उल्लंघनका घटनामा समेत अनुगमन गर्न सहयोग पुऱ्याउन सक्नेछ । यस पुस्तिका लेखनमा सहयोग गर्नुहुने मिलन धरेल, इन्दु तुलाधर, प्रेक्षा ओझा तथा झनहरि भट्टराईप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । निर्वाचनमा बालअधिकार अनुगमन गर्ने कार्यको व्यवस्थापनमा सघाउनुहुने केन्द्रीय बालकल्याण समितिका सबै कर्मचारीलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । त्यसैगरी यस पुस्तिकाको प्रकाशन र निर्वाचन अनुगमन कार्यमा आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउने युनिसेफ नेपाल कार्यालयप्रति हार्दिक आभार व्यक्त गर्दछु । अन्तमा, यस पुस्तिकालाई अझ बढी परिस्कृत र उपयोगी बनाउनका लागि यहाँहरूको रचनात्मक सुझाव र सल्लाहको अपेक्षा गर्दछु ।

कार्तिक, २०७०

**तारक धिताल**
कार्यकारी निर्देशक
केन्द्रीय बालकल्याण समिति

# विषय-सूची


| **विषय** | | **पृष्ठ नं.** |
|---|---|---|
| परिच्छेद १ : | संविधानसभा सदस्य निर्वाचनमा बालअधिकार अनुगमन र व्यवस्थापन | १ |
| परिच्छेद २ : | निर्वाचन र बालअधिकार | ५ |
| परिच्छेद ३ : | निर्वाचनमा बालअधिकार अनुगमन प्रक्रिया | १३ |
| **अनुसूचीहरू** | | |
| अनुसूची १ : | जिल्लास्तरीय निर्वाचन बालअधिकार अनुगमन विवरण फाराम | २३ |
| अनुसूची २ : | घटना विवरण फाराम | २४ |
| अनुसूची ३ क : | एकीकृत अनुगमन विवरण फाराम १ | २५ |
| अनुसूची ३ ख : | एकीकृत अनुगमन विवरण फारम २ | २८ |
| अनुसूची ३ ग : | एकीकृत अनुगमन विवरण फारम ३ | ३० |
| अनुसूची ४ : | संविधानसभा सदस्य निर्वाचनसम्बन्धी जानकारी | ३२ |
| अनुसूची ५ : | प्राथमिकता दिईएका जिल्लाहरूमा गरिने अनुगमनसम्बन्धी जानकारी | ३४ |

# परिच्छेद: एक

# संविधानसभा निर्वाचनमा बालअधिकार अनुगमन र व्यवस्थापन

## १.१. संविधानसभा सदस्य निर्वाचनमा बालअधिकार अनुगमन

संविधानसभा सदस्य निर्वाचनमा बालअधिकार अनुगमन भन्नाले संविधानसभा निर्वाचनको सन्दर्भमा राजनीतिक दल, उम्मेदवार तथा उनीहरूका प्रतिनिधहरूले निर्वाचनपूर्व, निर्वाचनको समयमा तथा निर्वाचनपश्चात् हुने निर्वाचनसँग सम्बन्धित गतिविधिहरूमा बालबालिकाको मानवअधिकार हनन गरे-नगरेको, निर्वाचन आचारसंहितामा उल्लिखित बालअधिकार संरक्षणसम्बन्धी नियम पालना गरे-नगरेको एवम् निर्वाचनमा बालअधिकार संरक्षणका विषयमा राज्यका सम्बन्धित निकायहरूले गरेका कार्यको निरीक्षण गरी अभिलेखीकरण गर्ने र प्राप्त तथ्यहरूको आधारमा प्रेस विज्ञप्ति, ध्यानाकर्षण लगायत प्रतिवेदन प्रकाशन गर्ने कार्यहरू पर्दछन् । साथै राजनीतिक दलहरू, तीनका भातृ संगठन लगायत राज्यका अन्य निकायहरूलाई राजनीतिक क्रियाकलाप र निर्वाचनका कार्यहरूमा बालअधिकारको सम्मान र पालना गर्न जिम्मेवार बनाउने कानुनसम्मत सम्पूर्ण गतिविधि यस कार्य अन्तर्गत पर्दछन् ।

यस अन्तर्गत निर्वाचनका क्रममा बालअधिकारप्रति संवेदनशील भई त्यस सन्दर्भमा गरिने पर्यवेक्षणका कार्य पनि पर्दछन् । निर्वाचन पर्यवेक्षणका लागि राष्ट्रिय निर्वाचन

आयोगले निर्वाचन पर्यवेक्षण नीति, २०७० जारी गरेको छ । तर, बालअधिकार अनुगमन भने प्रचलित मानवअधिकार तथा बालअधिकार अनुगमनका सामान्य सिद्धान्त र प्रक्रियाहरूमा आधारित भएर नै गरिन्छ । नियमित मानवअधिकार तथा बालअधिकार अनुगमन अन्तरगत निर्वाचनको सन्दर्भमा विशेष ढङ्गले गरिने अनुगमन पनि यस कार्य अन्तर्गत पर्दछ ।

## १.२. संविधानसभा सदस्य निर्वाचनमा बालअधिकार अनुगमनको उद्देश्य

संविधानसभा सदस्य निर्वाचनमा गरिने बालअधिकार अनुगमनको मूलतः निम्न उद्देश्य रहेको छ :

- बालबालिकालाई जुलुस, र्‍याली, आमसभा, वैठक वा भेलामा सहभागी गराउन तथा निर्वाचन प्रचार-प्रसार र निर्वाचनसँग सम्बन्धित अन्य कुनैपनि काम वा गतिविधिमा प्रयोग गर्न र गराउन हुँदैन भन्ने मान्यतालाई स्थापित गर्ने र त्यस्तो प्रकारको गतिविधि भए-नभएको अनुगमन गर्ने ।
- विद्यालय र विद्यालय हाताभित्र आमसभा, माइकिङ लगायत निर्वाचन प्रचारका काम गर्नुहुँदैन भन्ने मान्यतालाई व्यावहारिक रूपान्तरण गर्न त्यस्तो प्रकारको गतिविधि भए-नभएको विषयमा अनुगमन गर्ने । निर्वाचन आचारसंहितामा उल्लेख भएका बालअधिकारसम्बन्धी प्रावधानविरूद्ध कुनै गतिविधि भएमा उक्त कार्यको अनुगमन प्रतिवेदन प्रकाशन गरी सम्बन्धित पक्ष तथा सरोकारवालाहरूको ध्यानाकर्षण गराउने ।
- निर्वाचनका समयमा हुने बालअधिकार उल्लंघनका घटनाहरू अभिलेखीखीकरण गर्ने र  राजनीतिक पार्टीहरूको तर्फबाट जनाइएका प्रतिवद्धता पूरा भए-नभएको अनुगमन गर्ने ।
- लोकतान्त्रिक संस्कृतिको विकास गर्न असल र नैतिकवान् मतदाता र राजनीतिक इमान्दारी प्रवर्द्धन गर्ने ।

## १.३. संविधानसभा सदस्य निर्वाचनमा बालअधिकार अनुगमनबाट अपेक्षित उपलब्धि संविधानसभा निर्वाचनमा बालअधिकार अनुगमन कार्यबाट निम्न उपलब्धिहरूको अपेक्षा गरिएको छ :

- संविधानसभा सदस्य निर्वाचन, २०७० मा बालअधिकारको अवस्थाका सम्बन्धमा अनुगमन गरी प्राप्त तथ्यहरूलाई विश्लेषण गरी तथ्यांकसहितको प्रतिवेदन प्रकाशन हुनेछ ।
- सरोकारवाला निकाय, राजनीतिक दल तथा संगठनहरूलाई आचारसंहिताको पालना गर्न जिम्मेवार बनाउनुका साथै नयाँ बन्ने संविधानमा बालअधिकारका प्रावधानहरूको पैरवी गर्न सहयोग पुग्नेछ ।
- बालअधिकार अनुगमनले संविधानसभा निर्वाचन, २०७० लाई बालबालिकाको संरक्षणको दृष्टिकोणबाट बढीभन्दा बढी संवेदनशील, सुरक्षित र शान्तिपूर्ण ढंगले सम्पन्न गर्न सहयोग पुग्नेछ ।
- बालअधिकार अनुगमनको सन्दर्भमा राष्ट्रिय पर्यवेक्षकहरूको कार्यसूचीमा बालअधिकारसित सम्बन्धित सवालहरूलाई मूलप्रवाहीकरण गर्न सहयोग पुग्नेछ ।
- बालअधिकारको संरक्षणको दृष्टिकोणबाट भएको निर्वाचन अनुगमनले सम्बन्धित सबै सरोकारवालालाई यस विषयमा सचेत गरी आगामी दिनमा यस्ता कार्य नहुने सुनिश्चित गर्न सहयोग पुग्नेछ ।
- लोकतान्त्रिक संस्कृतिको विकासका लागि असल र नैतिकवान् मतदाता र राजनीतिक दलहरूलाई राजनीतिक इमान्दारी प्रवर्धन गर्न सहयोग पुग्नेछ ।
- निर्वाचनमा हुने बालअधिकार अनुगमनले समग्र बालबालिकाको अधिकार संरक्षण र संवर्धन गर्न सहयोग पुग्नेछ ।

## १.४. निर्वाचनमा बालअधिकार अनुगमनका लागि संरचना

संविधानसभा सदस्य निर्वाचनमा बालअधिकार अनुगमन कार्यलाई व्यवस्थित र वैज्ञानिक ढङ्गले सञ्चालन गर्न केन्द्रीय बालकल्याण समितिको संयोजकत्वमा केन्द्रीय स्तरमा बालअधिकार संस्था र सञ्जालका प्रतिनिधिहरू, संयुक्त राष्ट्र संघीय बालकोषका प्रतिनिधि, बालअधिकारका विज्ञ व्यक्तिहरू रहेको एक संयोजन समिति रहनेछ । त्यसैगरी जिल्लास्तरमा जिल्ला बाल कल्याण समितिको संयोजन र समन्वयमा स्थानीय स्तरमा बालअधिकारको क्षेत्रमा क्रियाशील संघ-संस्था तथा सञ्जालका प्रतिनिधिहरू समेतको संलग्नतामा एक जिल्लास्तरीय अनुगमन समिति ७५ वटै जिल्लामा गठन गरिनेछ । यसको संयोजन तथा सहजीकरणको मूल भूमिका जिल्ला बालकल्याण समितिमा रहेका बालअधिकार अधिकृतले गर्नेछन् । कतिपय जिल्लामा काम गरिरहेका बालअधिकार अनुगमनसँग सम्बन्धित अन्य संरचनाहरूका माध्यमबाट पनि निर्वाचनमा बालअधिकार अनुगमन गर्न सकिनेछ ।

# परिच्छेदः दुई

# निर्वाचन र बालअधिकार

## २.१. बालबालिका र राजनीतिक सहभागिता

बालअधिकार महासन्धि आफैमा एक राजनीतिक दस्तावेज हो । यस महासन्धिले बालबालिकाको नागरिक हैसियतलाई स्थापित गर्दछ र उनीहरूको नागरिक अधिकारको संरक्षण र संवर्धन गर्दछ । यस महासन्धिले बालबालिकाको अधिकार, संरक्षण, सहभागिता र विकासमा विशेष जोड दिएको छ । यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ का साथै बालबालिका सम्बन्धी ऐन २०४८ ले पनि बालबालिकासँग सरोकार राख्ने यी चार वटै विषयहरूलाई विशेष महत्वका साथ व्यवस्था गरेको छ । यस अर्थमा देशको राजनीतिक गतिविधि तथा प्रक्रियाहरूमा बालबालिकाको सरोकार र सहभागिता हुनु जरुरी छ । यो उनीहरूको अधिकार पनि हो । तर बालबालिकाको राजनीतिक सहभागिता र वयस्कहरूको राजनीतिक सहभागिताका प्रक्रिया र उद्देश्यहरू भने फरक हुन्छन् ।

बालिग मताधिकारका आधारमा गरिने निर्वाचन प्रणालीमा निर्वाचन प्रयोजनका लागि बालबालिकाको सक्रिय सहभागिता अपेक्षित होइन । न त यस प्रक्रियाले बालबालिकाको अधिकारमा पार्ने प्रतिकूल प्रभावलाई नै स्वीकार गर्न सकिन्छ । राजनीतिक निर्णय प्रक्रियामा बालबालिकाको सहभागिता बाल सहभागितामूलक विशिष्ट प्रक्रियाबाट मात्र गरिन्छ ।

## २.२ निर्वाचनका सन्दर्भमा बालबालिकाको राजनीतिक सरोकार र सहभागिताका स्वीकृत अभ्यास :

- निर्वाचनमा उम्मेदवार भएका दलका प्रतिनिधि तथा स्वतन्त्र उम्मेदवार हरूले बालबालिकासँग उनीहरूको माग र सरोकारका विषयमा छुट्टै छलफल गर्नु ।
- बालबालिकाले एक्लै वा सामूहिक रूपमा राजनीतिक दल तथा उम्मेदवारलाई आफ्ना माग तथा सरोकारहरूबारे लिखित वा मौखिक (भेटेर) जानकारी गराउनु ।
- बालबालिकालाई लक्षित गरी निर्वाचन प्रक्रिया तथा लोकतन्त्रका बारेमा सत्यतथ्यसूचना प्रवाह गर्नु ।
- बालबालिकाले आफूहरूबीच निर्वाचन तथा यससम्बन्धी कार्यक्रमका बारेमा कक्षा, बालसमूह आदिमा छलफल गरी निर्वाचन प्रक्रिया तथा लोकतन्त्रका बारेमा जानकारी लिनु तथा दिनु ।

## २.३. संविधानसभा सदस्य निर्वाचन, २०७० मा सान्दर्भिक बालसंरक्षणसम्बन्धी केही प्रावधान :

निर्वाचन आयोगद्वारा जारी संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०७० मा बालबालिकासँग प्रत्यक्ष सम्बन्धित बुँदा नं. १०, ३२ र ३५ का साथै अन्य केही प्रावधानहरू महत्वपूर्ण रहेका छन् ।

- धार्मिक, पुरातात्विक वा ऐतिहासिक भवन, स्मारकस्थल वा सरकारी वा सार्वजनिक भवन र शैक्षिक संस्थाको भित्ता वा पर्खालमा कुनै पनि किसिमको पर्चा टाँस्न हुँदैन । (बुँदा नं १०)
- बालवालिकालाई जुलुस, ऱ्याली, आमसभा, बैठक वा भेलामा सहभागी

गराउन तथा निर्वाचन प्रचार-प्रसार र निर्वाचनसँग सम्वन्धित अन्य कुनैपनि काम वा गतिविधिमा प्रयोग गर्न र गराउन हुँदैन । (बुँदा नं ३२)

- विद्यालय र विद्यालय हाताभित्र आमसभा, माइकिङ्ग लगायत निर्वाचन प्रचारका काम गर्नु हुँदैन । (बुँदा नं ३५)
- कुनै धर्म, सम्प्रदाय, जात-जाति, लिङ्ग, भाषा, समुदाय वा प्रादेशिकताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने गरी निर्वाचन प्रचार-प्रसार गर्न वा गराउन हुँदैन । (बुँदा नं ५)
- लैङ्गिक हिंसा लगायत अन्य हिंसाजन्य कार्य गर्न र त्यस्तो कार्य गर्न कसैलाई उक्साउनु हुँदैन । (बुँदा नं ८)
- प्रचलित कानुनबमोजिम निर्वाचनसम्बन्धी कसुर मानिने कार्य गर्न वा गराउन र त्यस्तो कसुर गर्न कसैलाई उक्साउनु हुँदैन । (बुँदा न ९)

यसबाहेक पनि नेपालको अन्तरिम संविधान २०६३ मा रहेका बालअधिकारका प्रावधानहरू, बालअधिकार महाससन्धि १९८९, बालबालिकाको हित गर्न बनेको ऐन २०४८ तथा नियमावली २०५२ मा रहेका व्यवस्थाहरू, बालश्रम नियमित र निषेध गर्ने ऐन २०५६ तथा नियमावली २०६१ मा रहेका व्यवस्थाहरू, तथा विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा तथा कार्यान्वयन निर्देशिका २०६८ मा रहेका व्यवस्थाहरू पनि बालसंरक्षणका सवालमा आकर्षित हुन्छन् ।

## २.३. निर्वाचन र निर्वाचनसम्बन्धी राजनीतिक गतिविधिमा हुनसक्ने बालअधिकार हननका क्रियाकलाप के के हुन् ?

### २.३.१. निर्वाचन पूर्वका समयमा

**क. बालबालिकालाई प्रत्यक्ष रूपमा संलग्न गराउने कार्य:**

१. बालबालिकालाई राजनीतिक दल वा उम्मेदवारको जुलुस, र्‍याली, प्रचार-प्रसारआदि कार्यमा संलग्न गराउने ।

२. बालबालिकालाई राजनीतिक दल तथा उम्मेदवारका सभा-सम्मेलनआदि कार्यमा कलाकार, वक्ता वा अन्य रूपमा प्रयोग गर्ने ।

३. बालबालिकालाई उम्मेदवार तथा राजनीतिक दलले निर्वाचन र राजनीतिक प्रयोजनका विभिन्न कार्यहरूमा श्रमिकको रूपमा कार्य गराउने । जस्तै- पर्चा पोष्टर टाँस्ने, बोक्ने, पाल टाँग्ने, खाना बनाउने, बिजुलीको काम गर्ने, भाँडा माझ्ने, पानी ल्याउने, ख्वाउने कार्यआदि ।

४. बालबालिकामाझ परिवार वा समुदायको राजनीतिक तथा साम्प्रदायिक आस्थाको आधारमा द्वन्द्व सृजना गर्ने तथा हुल हुज्जत गर्ने गराउने कार्यमा प्रयोग गर्ने ।

५. निर्वाचनका सहभागी तथा विरोधी पक्षहरूले बालबालिकालाई हतियार ओसार-पसार तथा बोक्ने कार्यमा प्रयोग गर्ने ।

६. निर्वाचन बहिष्कारका सन्दर्भमा वा राजनीतिक दलका प्रतिनधिहरूले बालबालिकालाई मतदाता आउने मार्गहरू अवरुद्ध गर्न लगाउने, मतदातालाई अलमल्याउनेजस्ता कार्यमा प्रयोग गर्ने ।

७. राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन प्रचार वा वहिष्कारका लागि विद्यार्थीहरूको समिति तथा समूह गठन गर्ने वा परिचालन गर्ने ।

८. बालबालिकालाई निर्वाचन वहिष्कार गर्न वा प्रतिस्पर्धी उम्मेदवारको पोष्टर-पर्चा च्यात्न लगाउने ।

९. बालबालिकालाई निर्वाचन उद्देश्यले जासुसी, खबरी, सूचना वाहक तथा विरोधी समुहका रूपमा प्रयोग गर्ने ।

१०. बालबालिकालाई चन्दा सङ्कलनका कार्यमा प्रयोग गर्ने ।

११. निर्वाचनका क्रममा हुल हुज्जतआदि हुँदा हिंसाका कारण बालबालिका घाइते हुने ।

## ख. बालबालिकाले प्रयोग गर्ने स्थान आदिलाई प्रभावित पार्ने कार्य

१. विद्यालय र विद्यालय हाताभित्र आमसभा, माईकिङ्ग र निर्वाचनका अन्य प्रचारका कामहरू गर्ने गरिएको ।

२. विद्यालय तथा शैक्षिक संस्थाको भित्ता वा पर्खालमा कुनै पनि किसिमको पर्चा टाँसिएको वा राजनीतिक दल तथा उम्मेदवारका पक्षमा तथा विरोधमा भित्तेलेखन गरिएको ।

३. विद्यालयका भौतिक तथा शैक्षिक सामग्रीहरूको प्रयोग गरिएको, विद्यालय हातामा राजनीतिक दलहरूले निर्वाचन कार्यक्रम आयोजना गरेको ।

४. विद्यालयमा गरिएका राजनीतिक तथा निर्वाचन कार्यक्रमका कारण विद्यालयका भौतिक सम्पत्तिमाथि क्षति पुगेको - जस्तै डेक्स, बेन्च आदि र सोमा हुन पुगेको नोक्सानी ।

५. राजनीतिक दल तथा उम्मेदवारका पक्षधरहरूबीच भएका झडप तथा द्वन्द्वका कारण विद्यालय, विद्यार्थी, शिक्षक तथा कर्मचारीमाथि धम्की, कुटपिट र अन्य हानि-नोक्सानी पुगेको ।

६. विद्यालयका शिक्षकहरूलाई राजनीतिक दल तथा उम्मेदवारको पक्षमा प्रचार-प्रसारमा संलग्न गराएको कारण पठनपाठनमा असर परेको ।

७. विद्यालय नजिकका स्थानहरूमा आमसभा लगायता सभा सम्मेलनहरू आयोजना गरी विद्यालयको नियमित पठनपाठनलाई असर पारेको ।

८. राजनीतिक कारणले बालबालिकाले पाउनुपर्ने आधारभूत सेवा तथा आपतकालीन सेवाहरू जस्तै स्वास्थ्य, खानेपानी, खाद्यान्न आदिको उपलब्धतामा अवरोध पुर्‍याइएको ।

९. राजनीतिक दल तथा उम्मेदवारका प्रतिनिधिहरूले मतदातालाई आफ्ना सन्तानको कसम खान लगाउने तथा धर्म भाक्न लगाई मत पक्का गरेको ।

१०. निर्वाचन प्रयोजनका लागि भनी निर्वाचन आयोगद्वारा तोकिएका दिनबाहेक पनि विद्यालय बन्द गरिएको र त्यसबाट बालबालिकाको नियमित पठनपाठनमा असर परेको ।

११. विद्यालय परिसरभित्र नै निर्वाचन कार्यालय खडा गरिएको र त्यसले विद्यालयको नियमित पठनपाठन र विद्यार्थीहरूलाई नकारात्मक असर पारेको ।

१२. बाल-क्लब वा समूहका भवन वा कोठाहरूलाई जबर्जस्ती कब्जा गर्ने र ती स्थानहरूलाई कुनै पनि उद्देश्यका निमित्त प्रयोग गर्ने ।

### २.३.२. **निर्वाचनको दिनमा हुनसक्ने बालअधिकार हनन**

१. बालबालिकालाई निर्वाचन केन्द्रमा मतदाताको रूपमा प्रयोग गर्ने ।

२. बालबालिकालाई फर्जी मतदाताको रूपमा प्रयोग गर्ने ।

३. बालबालिकालाई निर्वाचन चिन्ह, दल, राजनीतिक समूह आदिको सङ्केत अङ्कित टि-सर्ट, टोपी, स्टिकर टाँस गरी वा शरीरका कुनै पनि अङ्गमा त्यस्तो चिन्ह अङ्कित गराई वा टाटु बनाई परिचालन गरिएको ।

४. निर्वाचन केन्द्रमा वयस्कको सट्टामा बालबालिकालाई लाइनमा बस्न लगाइएको ।

५. निर्वाचन केन्द्र र वरपर बालबालिकालाई हुल-हुज्जत, झैं-झगडा तथा द्वन्द्व सृजना गर्न प्रयोग गरिएको ।

६. निर्वाचन केन्द्र वरपर विभिन्न कारणले पुगेका बालबालिकामाथि हिंसा, कुटपिट, डर-त्रास तथा धम्की र अश्लील गालीगलौज गरिएको ।

७. निर्वाचन केन्द्र राखिएका विद्यालयको भौतिक संरचना तथा सामग्रीहरूमाथि क्षति पुऱ्याइएको ।

८. निर्वाचन केन्द्र राखिएका विद्यालयको वातावरणलाई सफा-सुग्घर नराखिएको, र शौचालयहरूको सफाइ नगरिदिएको ।

९. निर्वाचनका सन्दर्भमा उम्मेदवार, राजनीतिक दल तथा उनीहरूका प्रतिनिधिले बालश्रमको प्रयोग गरेको ।

१०. निर्वाचनका क्रममा हुल-हुज्जतआदि हुँदा हिंसाका कारण बालबालिका घाइते भएको

२.३.३. **निर्वाचनपश्चात् हुनसक्ने बालअधिकार हननका घटना** :

१. विजय जुलुस, ऱ्याली आदिमा बालबालिकालाई संलग्न गराइएको ।

२. विजयसभा आदिमा बालबालिकालाई कलाकार, वक्ता, नारावाजी, स्वयंसेवक आदिमा प्रयोग गरिएको ।

३. विजय ऱ्याली, सभा तथा यससँग सम्बन्धित कार्यहरूमा बालबालिकालाई श्रमिकको रूपमा प्रयोग गरिएको ।

४. निश्चित परिवार, समुदायका बालबालिकामाथि (आफूलाई भोट नहालेको निहुँमा) अपहेलना, हिंसा, कुटपिट, बेइज्जती गरेको ।

५. विजयसभा तथा ऱ्यालीका लागि विद्यालय बन्द गरेको, विद्यालयको नियमित पठनपाठनमा प्रभावित पार्ने गरी शिक्षक विद्यार्थीलाई सहभागी गराएको ।

६. विद्यालय समयमा नै विद्यालय हाता, परिसर तथा विद्यालय नजिकैका स्थानमा आमसभा आयोजना गरी पठनपाठनमा अवरोध पुऱ्याएको ।

७. विजय जुलुस आदिका क्रममा अर्को उम्मेदवारलाई गाली-बेइज्जती गर्न, हुल-हुज्जत तथा द्वन्द्वमा बालबालिकालाई उक्साउने, प्रयोग गर्ने गरिएको ।

८. विजय वा विरोध कार्यक्रमहरू गर्ने क्रममा हुल-हुज्जतआदि हुँदा हिंसाका कारण बालबालिकाहरू घाइते भएको ।

# परिच्छेदः तीन

# संविधानसभा निर्वाचनमा बालअधिकार अनुगमन प्रक्रिया

## ३.१. निर्वाचनमा बालअधिकार अनुगमन समितिको गठन तथा अभिमुखीकरण

केन्द्रीय बाल कल्याण समितिको संयोजकत्वमा केन्द्र तथा सबै जिल्लामा संविधानसभा सदस्य निर्वाचनमा बालअधिकार अनुगमनका कार्यलाई व्यवस्थित र प्रभावकारी ढङ्गले सम्पन्न गर्न जिल्ला बाल कल्याण समितिको समन्वय तथा/वा संयोजकत्वमा जिल्लास्तरीय निर्वाचन अनुगमन समितिको गठन हुनेछ । हरेक जिल्लामा "निर्वाचनमा बालअधिकार अनुगमन समिति" गठन गर्ने प्रक्रिया निम्नानुसार गर्नुपर्नेछ :

१. जिल्लामा बालअधिकारको क्षेत्रमा काम गरिरहेका संघसंस्था तथा नागरिक समाजको विवरण संकलन गर्ने ।

२. जिल्लामा बालअधिकारको क्षेत्रमा काम गर्ने संघसंस्था तथा नागरिक समाजको जिल्लामा भेला बोलाउने । उक्त भेलाबाट बालअधिकारका क्षेत्रमा क्रियाशील संस्था, सञ्चारकर्मी तथा अन्य पर्यवेक्षणमा संलग्न संघ-संस्थाहरूसमेत संलग्न गराई एक "संविधानसभा निर्वाचन बालअधिकार अनुगमन समिति गठन गर्ने ।

३. उक्त समितिमा जिल्लाको आवश्यकता अनुसार सदस्यहरु रहन सक्नेछन् ।

४. अनुगमन समितिका सदस्यहरूमध्ये एक जनालाई अभिलेखीकरणका लागि सम्पर्क व्यक्ति र अर्को एक जनालाई वैकल्पिक सम्पर्क व्यक्ति तोक्ने । सदस्यहरूले आफ्नो अनुगमनबाट प्राप्त सूचना सम्बन्धित सम्पर्क व्यक्तिलाई मौखिक वा लिखित रूपमा उपलब्ध गराउनेछन् भने सम्पर्क व्यक्तिले उक्त सूचनालाई अभिलेखीकरण गर्ने कार्य गर्ने ।

५. संविधानसभा निर्वाचन बालअधिकार अनुगमन समितिका सदस्यहरूलाई अनुगमन विधि, विषय र प्रक्रियाहरूका बारेमा अभिमुखीकरण गर्ने ।

६. माथि उल्लिखित सम्पूर्ण कार्यलाई बालअधिकार अधिकृतले संयोजन तथा सहजीकरण गर्ने ।

## ३.२ सम्बन्धित निकायहरूसँग सम्पर्क र समन्वय

निर्वाचनमा बालअधिकार अनुगमनका सन्दर्भमा विभिन्न सरोकारवाला निकाय, संघ-संस्था तथा सँगठनसँगको समन्वय र सम्पर्क अत्यन्तै महत्वपूर्ण रहन्छ । त्यसैले निर्वाचनमा बालअधिकार अनुगमन समितिले अनुगमन कार्य सुरु गर्ने समयभन्दा पहिल्यै विभिन्न निकायसँग समन्वय र सम्पर्क कायम गर्न जरुरी छ । यसरी समन्वय गर्दा आफ्नो अनुगमन कार्य, यसले समेट्ने क्षेत्र, यसको उद्देश्य, विधि तथा अपेक्षित सहयोगका बारेमा सम्बन्धित निकायहरूलाई स्पष्ट जानकारी दिनुपर्दछ । समन्वय र सम्पर्क स्थापित गर्न निम्न कार्यहरू गर्न जरुरी छ :

१. जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा सुरक्षा संयन्त्र, निर्वाचन पर्यवेक्षणमा संलग्न संघ-संगठन, पत्रकार महासंघ, जिल्लास्थित राजनीतिक दल तथा उम्मेदवारका सम्पर्क कार्यालयमा व्यक्तिगत रूपमा नै औपचारिक भेटघाट गरी अनुगमन सम्बन्धी कार्य र अपेक्षित सहयोगको जानकारी गराउने, सम्पर्क विवरणहरू (फोन नं, मोबाइल नं., सम्पर्क व्यक्ति आदि) विवरण सङ्कलन गर्ने ।

२. यसबाहेक स्थानीय स्तरमा सूचना दिनसक्ने अन्य व्यक्ति, संस्था, समूह तथा निकायहरूसँग पनि सर्म्पक स्थापित गर्ने र उनीहरूलाई सम्भावित बालअधिकार हननका बारेमा जानकारी गराई त्यस्ता घटना भएमा जानकारी दिनका लागि अनुरोध गर्ने र उनीहरूको गोपनीयता कायम राख्ने कुरामा पनि विश्वस्त बनाउने ।

३. निर्वाचनका सन्दर्भमा बालअधिकारको अनुगमन कार्य राष्ट्रिय मानवअधिकार आयोगबाट तथा श्रम विभागबाट श्रम कार्यालयहरूमार्फत गरिने भएकाले उक्त निकायहरूसँग समेत समन्वय गर्ने ।

## ३.३. निर्वाचनमा बालअधिकार अनुगमनका पूर्वतयारीका अन्य कार्य गर्ने

संविधानसभा सदस्य निर्वाचनमा बालअधिकार अनुगमनका सन्दर्भमा आवश्यक व्यस्थापकीय तथा सूचना र जानकारी राख्नपर्ने अन्य तयारी पनि पूरा गरी तयारी अवस्थामा रहनुपर्दछ । यस सन्दर्भमा निम्न कार्यहरूमा विशेष ध्यान दिन जरुरी छ :

१. संविधानसभा निर्वाचनको सन्दर्भमा जिल्ला निर्वाचन कार्यालयसँग समन्वय गरी निर्वाचन कार्यक्रमको पूर्ण विवरण जानकारीमा राख्ने ।

२. संविधानसभा निर्वाचनसँग सम्वन्धित नियम, कानुन र आचारसंहिता तथा तोकिएका संयन्त्र उनीहरूको कार्यक्षेत्र र प्रयोजनको बारेमा पर्याप्त जानकारी राख्ने ।

३. राजनीतिक दल तथा उम्मेदवारहरूले निर्वाचनका सम्बन्धमा आयोजना गर्ने कार्यक्रमको पूर्वजानकारी लिने ।

४. सुरक्षा निकायसँगको सम्पर्क कायम राख्ने र सम्बन्धित स्थानहरूमा स्थलगत अनुगमनमा जाँदा सुरक्षाको सुनिश्चितता गर्ने ।

५. अनुगमनसँग सम्बन्धित फाराम तथा अन्य सामग्रीहरू दुरुस्त र तयारी अवस्थामा राख्ने ।

## ३.४. निर्वाचनमा बालअधिकार अनुगमन कार्य

संविधानसभा सदस्य निर्वाचनमा बालअधिकार अनुगमनका माथि उल्लिखित कार्य सम्पन्न गरिसकेको अवस्थामा बालअधिकार अनुगमन कार्य सञ्चालन गरिनुपर्दछ । सामान्यतया संविधानसभा निर्वाचनमा बालअधिकार अनुगमनका कार्य निर्वाचन पूर्वका समयमा हुने निर्वाचन र राजनीतिक गतिविधिका सन्दर्भमा, निर्वाचनको अवधिमा र निर्वाचन सम्पन्न भइसकेपछि पनि निर्वाचन परिणामको घोषणा र त्यसपश्चात् हुने क्रियाकलाप तथा गतिविधिको क्रममा गरिनुपर्दछ । यस अवधिमा हुनसक्ने बालअधिकार हननका सम्भावित घटनाहरूको सूची अगाडि नै उल्लेख गरिसकिएको छ । निर्वाचनमा बालअधिकार अनुगमनका सन्दर्भमा अनुकूलता तथा सम्भाव्यता विचार गरी निम्न तीनवटा विधिमध्ये कुनै एकलाई प्रयोग गर्न सकिन्छ :

१. स्थलगत अनुगमनः अनुगमन समितिका सदस्यहरू सम्बन्धित घटनास्थलमा प्रत्यक्ष रूपमा उपस्थित भएर घटनाका प्रत्यक्षदर्शी, निर्वाचन अधिकृतहरू, प्रहरी, नागरिक समाजका प्रतिनिधिहरू तथा पर्यवेक्षक संघ-संस्थाका प्रतिनिधिहरू लगायत घटनाबाट पीडित तथा प्रभावित बालबालिकासँग समेत सम्पर्क गरी जानकारी सङ्कलन गर्ने । यातायातको सुविधा, पहुँचको सहजता, पीडित तथा प्रभावित र स्वयम् अनुगमनकर्ताको सुरक्षाको दृष्टिले सम्भव हुने स्थानमा स्थलगत अनुगमन गर्नुपर्दछ ।

२. द्वितीय सूचकमार्फत गरिने अनुगमनः विभिन्न स्थानमा रहेका औपचारिक तथा अनौपचारिक सम्पर्क सूहरू, स्थानीय संघ-संस्था तथा पर्यवेक्षणमा संलग्न अन्य निकाय तथा सञ्चारकर्मीबाट सूचना तथा जानकारी प्राप्त गरी अनुगमन गर्ने प्रक्रिया द्वितीय सूचकमार्फत गरिने अनुगमन हो । यस क्रममा संघ-संगठन भएमा वा अनुमति प्राप्त पर्यवेक्षक निकाय भएमा सोको नाम तथा विवरण संकलन गरिनुपर्दछ, तर व्यक्ति भएमा नाम विवरण सङ्कलन गरे पनि सुरक्षाका दृष्टिले गोपनीयता कायम राख्नुपर्दछ ।

३. सञ्चार माध्यमको अनुगमन : सञ्चार माध्यममा प्रकाशित तथा प्रसारित समाचार, तस्बीर, भिडियो, अडियो आदिका आधारमा घटनाको जानकारी संकलन गरी अनुगमन गर्ने । घटना भइसकेपछि मात्र जानकारीमा आएको

र तत्काल पहुँच हुन नसक्ने अवस्थामा यस्ता समाचारहरूलाई आधार मानी सूचना सङ्कलन र अभिलेखीकरण गर्नु प्रभावकारी हुन्छ । यसरी सङ्कलन गरिएको सूचनामा भने स्रोतको विस्तृत विवरण (मिति, अङ्क, पेज नं. र प्रकाशित समाचार तथा तस्बीरको फोटोकपी, रेडियो टेलिभिजन भए समय र अनलाइन भए त्यसको वेबसाइट विवरण, सामाजिक सञ्जालहरू -फेसबुक, ट्विटर, युट्युव भए त्यसको विद्युतीय प्रतिसमेत सङ्कलन गरी राख्नुपर्दछ)

३. पर्यवेक्षण तथा अनुगमन गर्ने अन्य संघ-संस्थासँग समन्वयःआफ्नो जिल्लामा रहेका बालअधिकार, मानवअधिकारलगायत सामाजिक संस्था र पर्यवेक्ष गर्ने निकायहरूसँग समन्वय गरी सूचना प्राप्त गर्न पहल गर्ने र सङ्कलित सूचनाहरूलाई अभिलेखीकरण गर्ने । यस क्रममा जिल्लामा अवस्थित श्रम कार्यालयहरूसँग पनि समन्वय गरी निर्वाचनमा हुने बालश्रमसँग सम्बन्धित सूचना सङ्कलन गरी घटना विवरण फाराम भरी केन्द्रमा पठाउने ।

## ३.५. सङ्कलित सूचना सम्प्रेषण

माथि उल्लिखित स्रोतहरूबाट सङ्कलित सूचनाहरू प्रत्येक घटनाको अनुसूचीमा उल्लेख भएको घटना विवरण फाराम भरी घटनासँग सम्बन्धित सामग्री समेत संलग्न गराई तोकिएको मितिभित्र केन्द्रीय बालकल्याण समितिको कार्यालय, “केन्द्रीय निर्वाचनमा बालअधिकार अनुगमन संयोजन समितिमा” उपलब्ध गराउनुपर्नेछ । यसको विवरण सम्भव भएसम्म दैनिक घटना विवरण फाराम भरी घटना भएकै दिन तल उल्लिखित इमेल वा फ्याक्समार्फत केन्द्रमा पठाउनु पर्नेछ । केन्द्रबाट साप्ताहिक रूपमा संक्षिप्त प्रारम्भिक प्रतिवेदन प्रकाशन गर्ने लक्ष्य लिइएकाले जतिसक्दो चाँडो माध्यमबाट सूचना पठाउनु पर्नेछ । सूचना पठाउने ठेगाना निम्नानुसार रहेको छ :

इमेल: crmccwb@gmail.com

फ्याक्स : ५५२७५९१

फोन : ५०१००४५/५०१००४६

## ३.६. उजुरी तथा तत्काल सम्बोधनका कार्यहरू

संविधानसभा सदस्य निर्वाचनमा बालअधिकार अनुगमनका क्रममा पीडित बालबालिकाको हितमा तत्काल राहत तथा उद्धारका कार्य गर्नपर्ने भएमा सम्बन्धित सम्पर्क व्यक्तिले केन्द्रीय संयोजन समितिमा सम्पर्क व्यक्तिसँग परामर्श गरी स्थानीय तहमा बालसंरक्षणका सेवा प्रदायक संघ-संस्थाहरूसँग समन्वय र सहकार्य गरी बालबालिकालाई संरक्षण प्रदान गर्न सक्नेछन् । यस्ता सहायता प्रदान गरिएका घटनाको विस्तृत जानकारी केन्द्रीय संयोजन समितिलाई उपलब्ध गराउनुपर्दछ ।

यस्ता घटनाहरूमा तत्काल कानुनी कारवाही प्रक्रिया अगाडि बढाउनुपर्ने भएमा जिल्ला निर्वाचन कार्यालयमा उजुरी गरी सोको प्रतिलिपि केन्द्रीय बालकल्याण समितिमा पनि उपलब्ध गराउनु पर्दछ । साथै सम्बन्धित उजुरीमा कारवाही अगाडि बढे-नबढेको अनुगमन गरी त्यसको समेत जानकारी गराउनुपर्नेछ ।

## ३.७. संविधानसभा सदस्य निर्वाचनमा बालअधिकार अनुगमनकर्ताले पालना गर्नुपर्ने आचारसंहिता

संविधानसभा सदस्य निर्वाचनमा बालअधिकार अनुगमनकर्ताले निम्न आचारसंहितालाई कडाइका साथ पालना गर्नुपर्दछ :

१. यस निर्वाचनमा बालअधिकार मात्र अनुगमन गर्ने भएकोले पर्यवेक्षणका सबै क्षेत्र यसले समेट्दैन । तसर्थ केवल बालअधिकार सम्बन्धी अनुगमनका कार्यमा मात्र आफूलाई सीमित राख्ने ।

२. निर्वाचन प्रक्रियामा संलग्न सबै निकायहरूमा जाँदा शिष्टाचारका नियमहरूको पालना गर्नुपर्नेछ ।

३. अनुगमनकर्ताले निर्वाचन कार्यालयका पदाधिकारी, निर्वाचन कार्यमा संलग्न कर्मचारी, सुरक्षाकर्मी, राजननीतिक दल, उम्मेदवार र तिनका प्रतिनिधिलगायत मतदाताहरूको सम्मान गर्नुपर्नेछ ।

४. अनुगमनकर्ताले निर्वाचनमा बालअधिकार अनुगमन गर्दा स्वतन्त्र, निष्पक्ष, तटस्थ एवम् वस्तुनिष्ठ हुनुपर्छ । कुनै राजनीतिक दल वा उम्मेदवारप्रति झुकाव वा पूर्वाग्रह राख्नु हुँदैन ।

५. अनुगमनकर्ताले निर्वाचनका सरोकारवालाहरूलाई आक्षेप लगाउने किसिमको व्यवहार गर्नु, गराउनु हुँदैन ।

६. कुनै राजनीतिक दल वा स्वतन्त्र उम्मेदवारको समर्थन वा विरोध हुनेगरी अनुगमनकर्ताले चिन्ह, ब्याच लगाउन वा अन्य कुनै माध्यमद्वारा प्रचार-प्रसार वा प्रदर्शन गर्न-गराउन हुँदैन ।

७. अनुगमनकर्ताले निर्वाचन कार्यमा खटिएका कर्मचारीहरूलाई अनावश्यक सल्लाह दिन, सूचना प्रदान गर्न र कानुनको व्याख्या गर्न हुँदैन ।

८. अनुगमनकर्ताले निर्वाचन केन्द्रमा उठेको विवाद समाधान गर्न, निर्वाचन परिणाम प्रमाणित गर्न वा प्रमाण लाग्ने किसिमले वक्तव्य प्रकाशन गर्न गराउन हुँदैन ।

९. अनुगमनकर्ताले कुनै निर्वाचन केन्द्रमा निर्वाचन भइरहेको समयमा निर्वाचन कार्यलाई असर पर्ने किसिमको कुनै सूचना प्रवाह गर्न वा वक्तव्य दिन वा अवाञ्छित क्रियाकलाप गर्न-गराउन हुँदैन ।

१०. अनुगमनकर्ताले निर्वाचन कार्यमा खटिएका कर्मचारीहरूको कर्तव्य पालनामा असर पार्ने गरी कुनै किसिमको बाधा अड्चन उत्पन्न हुने कुनै कार्य गर्न-गराउन हुँदैन ।

११. अनुगमनकर्ताले अनुगमन अवधिमा सङ्कलन गरेका सूचनाहरू वास्तविक, सत्य र वस्तुनिष्ठ हुनुपर्छ ।

१२. अनुगमनका क्रममा सूचना प्रदायकमाथि जोखिम उत्पन्न हुने गरी गोपनीयता भङ्ग गर्ने कार्य गर्न हुँदैन ।

१३. पीडित तथा प्रभावित बालबालिकाको स्पष्ट पहिचान खुल्ने तस्बीर भिडियो सार्वजनिक गर्न हुँदैन ।

१४. बालबालिकाको सर्वोत्तम हितलाई सदैव अग्रस्थानमा राखी कार्य गर्नुपर्दछ ।

१५. अनुगमनकर्ताले बालबालिकासँग नम्र, बालमैत्री, शिष्ट र अनुशासित व्यवहार गर्नुपर्दछ ।

# अनुसूची

## अनुसूची १ : जिल्लास्तरीय निर्वाचन बालअधिकार अनुगमन विवरण फाराम

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बालकल्याण समिति

## संविधानसभा सदस्य निर्वाचनमा बालअधिकार अनुगमन सञ्जालको जिल्लास्तरीय विवरण फाराम

जिल्लाः ............................गठन भएको मितिः......................

सम्पर्क व्यक्तिः नामः..................................फोन नं.................

इमेल.

वैकल्पिक सम्पर्क व्यक्ति : नामः.......................फोन नं.ः...............

इमेल

| क्र. सं. | नाम थर | प्रतिनिधित्व गरेको संस्था वा निकाय | सम्पर्क फोन | इमेल |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची २ : घटना विवरण फाराम

**नेपाल सरकार**

**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

# केन्द्रीय बालकल्याण समिति

# संविधानसभा सदस्य निर्वाचनमा बालअधिकार अनुगमन

# घटना विवरण फाराम

फाराम नं.ः..................

घट्ना नं........../......जिल्ला

*(यसअघि प्रतिवेदन गरिसकिएको घटनाको थप विवरण भए कृपया सोही प्रतिवेदनको घटना नं. उल्लेख गर्नुहोस्)*

प्रतिवेदकको नाम ः...................................जिल्लाः...............................

फोन नं ........................ इमेल...................................................

सूचनाको स्रोत ः स्थलगत अनुगमन/सञ्चार माध्यम (नाम खुलाउनुहोस्)/पर्यवेक्षक संस्था (नाम खुलाउनुहोस्)/अन्य (नाम र परिचय)...............

| | | | |
|---|---|---|---|
| घटना शीर्षकः<br>*एकीकृत विवरण फाराममा भए अनुसारको शीर्षक लेख्ने* | | | |
| घटनाको सामान्य जानकारी | जिल्ला : | गाविस : | वडा : |
| | टोल : | घटना भएको मितिः | |
| घटनाको विवरण<br>*के, कहाँ, कसरी, कहिले, कसले, कसलाई भन्ने प्रश्नको उत्तर समावेश गर्ने* | | | |
| पीडित वा प्रभावित समुदायको विवरण तथा संख्या | | | |
| कसले गरेको हो | | | |
| प्रमाण भए<br>फोटो, पत्रिकाको कटिङ | | | |
| घटनाको प्रभाव | | | |

अनुगमन मितिः प्रतिवेदन मितिः

## अनुसूची ३ क :  एकीकृत अनुगमन विवरण फाराम

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बालकल्याण समिति

## संविधानसभा सदस्य निर्वाचन बालअधिकार अनुगमन

## एकीकृत विवरण फाराम

**जिल्ला :**....................................  **प्रतिवेदकः**..............................

**प्रतिवेदन मितिः**......................  **अनुगमन अवधिः**...........**देखि**..............**सम्म**

| *क्र स* | *घटना विवरण* | राजनीतिक पार्टी वा स्वतन्त्र उम्मेदवारको नाम | जम्मा घटना संख्या | पीडित वा प्रभावित बालबालिकाको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | ***निर्वाचन पूर्वका समयमा*** | | | | |
| १.१. | ***बालबालिकालाई प्रत्यक्ष रूपमा संलग्न गराउने कार्यः*** | | | | |
| १.१.१ | बालबालिकालाई राजनीतिक दल वा उम्मेदवारको जुलुस, ऱ्याली, प्रचार प्रसार आदि कार्यमा संलग्न गराउने । | | | | |
| १.१.२ | बालबालिकालाई राजनीतिक दल तथा उम्मेदवारका सभा-सम्मेलन आदि कार्यहरूमा कलाकार, वक्ता वा अन्य रूपमा प्रयोग गर्ने । | | | | |
| १.१.३ | बालबालिकालाई उम्मेदवार तथा राजनीतिक दलले निर्वाचन र राजनीतिक प्रयोजनका विभिन्न कार्यहरूमा श्रमिकको रूपमा कार्य गराउने । जस्तै पर्चा पोष्टर टाँस्ने, बोक्ने, पाल टाँग्ने, खाना बनाउने, बिजुलीको काम गर्ने, भाँडा माझ्ने, पानी ल्याउने, ख्वाउने कार्य आदि । | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१.४ | बालबालिकामाझ परिवार वा समुदायको राजनीतिक तथा साम्प्रदायिक आस्थाको आधारमा द्वन्द्व सृजना गर्ने, तथा हुल हुज्जत गर्ने गराउने कार्यमा प्रयोग गर्ने । | | | | |
| १.१.५ | निर्वाचनका सहभागी तथा विरोधी पक्षले बालबालिकालाई हतियार ओसार -पसार तथा बोक्ने कार्यमा प्रयोग गर्ने । | | | | |
| १.१.६ | निर्वाचन बहिष्कारका सन्दर्भमा वा राजनीतिक दलका प्रतिनधिहरूले बालबालिकालाई मतदाता आउने मार्ग अवरुद्द गर्न लगाउने, मतदातालाई अलमल्याउनेजस्ता कार्यमा प्रयोग गर्ने । | | | | |
| १.१.७ | विशेष राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन प्रचार वा बहिष्कारका लागि विद्यालयमा रहेका विद्यार्थीको समिति तथा समूह गठन गर्ने र परिचालन गर्ने । | | | | |
| १.१.८ | बालबालिकालाई निर्वाचनका बहिष्कार वा प्रतिस्पर्धी उम्मेदवारको पोष्टर पर्चा च्यात्न लगाउने । | | | | |
| १.१.९ | बालबालिकालाई निर्वाचनसम्बन्धी उद्देश्यले जासुसी, खबरी, सूचनावाहक तथा विरोधी समुहका रूपमा प्रयोग गर्ने । | | | | |
| १.२.५ | राजनीतिक दल तथा उम्मेदवारका पक्षधरहरूबीच भएका झडप तथा द्वन्द्वका कारण विद्यालय, विद्यार्थी, शिक्षक तथा कर्मचारीमाथि धम्की, कुटपिट र अन्य हानि-नोक्सानी पुगेको । | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.२.६ | विद्यालयका शिक्षकलाई राजनीतिक दल तथा उम्मेदवारको पक्षमा प्रचार प्रसारमा संलग्न गराएको कारण पठनपाठनमा असर परेको । | | | | |
| १.२.७ | विद्यालय नजिकका स्थानमा आमसभा लगायत सभा-सम्मेलन आयोजना गरी विद्यालयको नियमित पठनपाठनलाई असर पारेको । | | | | |
| १.२.८ | राजनीतिक कारणले बालबालिकाले पाउनुपर्ने आधारभूत सेवा तथा आपतकालिन सेवाहरू जस्तै स्वास्थ्य, खानेपानी, खाद्यान्न आदिको उपलब्धतामा अवरोध पुर्‍याइएको । | | | | |
| १.२.९ | राजनीतिक दल तथा उम्मेदवारका प्रतिनिधिहरूले मतदाताहरूलाई आफ्ना सन्तानको कसम खाने तथा धर्म भाक्न लगाई मत पक्का गरेको । | | | | |
| १.२.१० | निर्वाचन प्रयोजनका लागि भनी निर्वाचन आयोगद्वारा तोकिएका दिनबाहेक पनि विद्यालय बन्द गरिएको र त्यसबाट बालबालिकाको नियमित पठनपाठनमा असर परेको । | | | | |
| १.२.११ | विद्यालय परिसरभित्र नै निर्वाचन कार्यालय खडा गरिएको र त्यसले विद्यालयको नियमित पठनपाठन र विद्यार्थीहरूलाई नकारात्मक असर पारेको । | | | | |

## अनुसूची ३ ख : एकीकृत अनुगमन विवरण फारम

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बालकल्याण समिति

## संविधानसभा सदस्य निर्वाचन बालअधिकार अनुगमन एकीकृत विवरण फाराम

**जिल्ला :......................................** **प्रतिवेदकः..............................**

**प्रतिवेदन मितिः......................** **अनुगमन अवधिः...........देखि..............सम्म**

| *क्र. सं.* | *घटना विवरण* | जम्मा घटना संख्या | पीडित वा प्रभावित बालबालिकाको संख्या | कैफियत |
|---|---|---|---|---|
| २. | ***निर्वाचनको दिनमा हुनसक्ने बालअधिकार हनन*** | | | |
| २.१ | बालबालिकालाई निर्वाचन केन्द्रमा मतदाताको रूपमा प्रयोग गर्ने । | | | |
| २.२ | बालबालिकालाई फर्जी मतदाताको रूपमा प्रयोग गर्ने । | | | |
| २.३ | बालबालिकालाई निर्वाचन चिन्ह, दल, राजनीतिक समूह आदिको सङ्केत अङ्कित टि -सर्ट, टोपी, स्टिकर टाँस गरी वा शरीरका कुनै पनि अङ्गमा त्यस्तो चिन्ह अङ्कित गराई वा टाटु बनाई परिचालन गरिएको । | | | |
| २.४ | निर्वाचन केन्द्रमा वयस्कको सट्टामा बालबालिकालाई लाइनमा बस्न लगाइएको । | | | |

| | | | | |
|---|---|---|---|---|
| २.५ | निर्वाचन केन्द्र र त्यसका वरपर बालबालिकालाई हुल हुज्जत, झैं-झगडा तथा द्वन्द्व सृजना गर्न प्रयोग गरिएको । | | | |
| २.६ | निर्वाचन केन्द्र वरपर विभिन्न कारणले पुगेका बालबालिकामाथि हिंसा, कुटपिट, डर-त्रास तथा धम्की र अश्लील गालीगलौज गरिएको । | | | |
| २.७ | निर्वाचन केन्द्र राखिएका विद्यालयको भौतिक संरचना तथा सामग्रीमाथि क्षति पुऱ्याइएको । | | | |
| २.८ | निर्वाचन केन्द्र राखिएका विद्यालयको वातावरणलाई सफा-सुग्घर नराखिएको र शौ चालयको सफाइ नगरिदिएको । | | | |
| २.९ | निर्वाचनका सन्दर्भमा उम्मेदवार, राजनीतिक दल तथा उनीहरूका प्रतिनिधिले बालश्रमको प्रयोग गरेको । | | | |
| २.१० | निर्वाचनका क्रममा हुल-हुज्जत आदि हुँदा हिंसाका कारण बालबालिकाहरू घाइते वा अन्य हानि-नोक्सानी भएको । | | | |

## अनुसूची ३ ग :  एकीकृत अनुगमन विवरण फारम

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बालकल्याण समिति

## संविधानसभा सदस्य निर्वाचन बालअधिकार अनुगमन

## एकीकृत विवरण फारम

**जिल्ला :**......................................  **प्रतिवेदकः**..............................

**प्रतिवेदन मितिः**.......................  **अनुगमन अवधिः**............**देखि**...............**सम्म**

| *क्र. सं.* | *घटना विवरण* | **जम्मा घटना संख्या** | **पीडित वा प्रभावित बालबालिकाको संख्या** | **कैफियत** |
|---|---|---|---|---|
| ३. | **निर्वाचनपश्चात् हुनसक्ने बालअधिकार हननका घटना** | | | |
| ३.१ | विजय जुलुस, ऱ्याली आदिमा बालबालिकालाई संलग्न गराइएको । | | | |
| ३.२ | विजयसभा आदिमा बालबालिकालाई कलाकार, वक्ता, नारावाजी, स्वयंसेवक आदिमा प्रयोग गरिएको । | | | |
| ३.३ | विजय ऱ्याली, सभा तथा यससँग सम्बन्धित कार्यमा बालबालिकालाई श्रमिकको रूपमा प्रयोग गरिएको । | | | |
| ३.४ | निश्चित परिवार, समुदायका बालबालिकामाथि (आफूलाई भोट नहालेको निहुँमा) अपहेलना, हिंसा, कुटपिट, बेइज्जती गरेको । | | | |

| | | | | |
|---|---|---|---|---|
| ३.५ | विजयसभा तथा ऱ्यालीका लागि विद्यालय बन्द गरेको, विद्यालयको नियमित पठन -पाठनमा प्रभावित पार्ने गरी शिक्षक विद्यार्थीलाई सहभागी गराएको । | | | |
| ३.६ | विद्यालय समयमा नै विद्यालय हाता, परिसर तथा विद्यालय नजिकैका स्थानमा आमसभाहरू आयोजना गरी पठनपाठनमा अवरोध पुऱ्याएको । | | | |
| ३.७ | विजय जुलुस आदिका क्रममा अर्को उम्मेदवारलाई गाली-बेइज्जती गर्न, हुल-हुज्जत तथा द्वन्द्वमा बालबालिकालाई उक्साउने, प्रयोग गर्ने गरिएको । | | | |
| ३.८ | विजय वा विरोध कार्यक्रमहरू गर्ने क्रममा हुल-हुज्जत आदि हुँदा हिंसाका कारण बालबालिका घाइते वा अन्य हानि-नोक्सानी भएको | | | |

## अनुसूची ४ :  संविधानसभा सदस्य निर्वाचनसम्बन्धी जानकारी

**१. संविधानसभा के हो ?**

जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरूबाट  जनताको मनोभावनाअनुरूप देशको संविधान निर्माण गर्न गठित सभा नै संविधानसभा हो । विश्वका ४० भन्दा बढी देशमा संविधानसभाबाट संविधान निर्माण गरिएको छ । नेपालमा संविधानसभाको प्रयास २००७ सालदेखि नै भएको भएता पनि जनआन्दोलन भाग २ (२०६२/६३) पछि २०६४ चैत्र २८ मा पहिलो पटक संविधानसभाको निर्वाचन भएको थियो । प्रत्यक्ष निर्वाचित २४०, समानुपातिकतर्फबाट निर्वाचित ३३५ तथा राष्ट्रीय जीवनका महत्वपूर्ण व्यक्तिहरूमध्येबाट मनोनित २६ जना गरी ६०१ जना सदस्य रहेको उक्त संविधानसभाले संविधान निर्माणका धेरै कार्यहरू सम्पन्न गरे पनि केही बुँदाहरूमा सहमति जुट्न नसक्दा समयसीमाभित्र संविधान जारी गर्न सकेन र मिति २०६८ जेठ १४ गते संविधानसभा विगठन हुनपुग्यो । अहिले दोस्रो संविधानसभा निर्माणका लागि २०७० मंसिर ४ गतेका दिनलाई निर्वाचनको मिति तय गरिएको छ ।

**२. संविधानसभाले के गर्दछ ?**

संविधानसभाले नेपालमा रहेका सबै जातजाति, सम्प्रदाय, वर्ग र समुदाय बीचका विभेदलाई अन्त्य गर्ने, सबैको पहिचान र मानवअधिकार स्थापित गर्ने, राज्यप्रति सबै समुदायको अपनत्व, कर्तव्य र सहभागिताको मार्ग प्रशस्त गर्ने संविधान निर्माण गरी नयाँ नेपाल निर्माणको ढोका खोल्नेछ । यस प्रक्रियामा आम जनताहरूको विचार, सुझावहरू सङ्कलन गर्ने, संविधानसभामा प्रस्तावित फरक विचारहरूमाथि छलफल गर्ने, सहमति जुटाउने र आवश्यक परेमा निर्वाचन प्रक्रिया अपनाई निर्णय गर्ने कार्य पनि संविधानसभाले गर्दछ । नेपालको संविधानमा बालबालिकाको न्यूनतम मानवअधिकारहरूको संवैधानिक सुनिश्चितता गर्ने, बालबालिकाप्रति हुने विभेद र हिंसाको संवैधानिक निषेध गर्नका लागि पनि संविधानसभाले निर्णय गर्न सक्दछ ।

### ३. दोस्रो संविधानसभा सदस्य निर्वाचन कार्यक्रम कस्तो छ ?

दोस्रो संविधानसभाको निर्वाचन २०७० मंसिर ४ गते तय गरिएको छ । यस निर्वाचनबाट प्रत्यक्ष निर्वाचन अन्तर्गत २४० जना, समानुपातिक निर्वाचन प्रक्रियाबाट ३३५ र राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट २६ जना गरी ६०१ जना सदस्यहरू निर्वाचित हुनेछन् । यस संविधानसभाले पहिलो बैठक भएको दुइ बर्ष समयसीमाभित्र नेपालको संविधान निर्माण गरी जारी गर्नेछ । निर्वाचन आयोगले संविधानसभा निर्वाचनको परिणाम घोषणा गरेको २१ दिनभित्र संविधानसभाको पहिलो बैठक बस्नेछ । यस निर्वाचनमा कुल १२७ राजनीतिक दलहरूले सहभागिता जनाएका छन् भने ६ हजारभन्दा बढी उम्मेदवारहरूले प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत २४० सिटका लागि उम्मेदवारी दर्ता गराएका छन् ।

निर्वाचन आयोगबाट मिति २०७०।६।१ मा संविधानसभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षण गर्न अनुमति पाएकामध्ये राष्ट्रिय तहमा ५१ वटा र जिल्ला स्तरमा ४ वटा संघ/सस्था गरेका छन् ।

**अनुसूची ५ :**

## संविधानसभा सदस्य निर्वाचनमा बालअधिकार हनन अनुगमन

# प्राथमिकता दिइएका जिल्लाहरूमा गरिने अनुगमन सम्बन्धी जानकारी

संविधानसभाको निर्वाचनमा बालअधिकार हनन सम्बन्धमा सबै जिल्ला बालकल्याण समितिहरूले अनुगमन निर्देशिकामा उल्लेख गरिए अनुसारको बालअधिकार हनन अनुगमन गर्न पर्नेछ। बाल अधिकार हननका अनुगमनलाई गहन ढंगले कार्यान्वयन गर्नका लागि केही जिल्लालाई प्राथमिक अनुगमनका जिल्लाको रूपमा तय गर्न सकिनेछ । प्राथमिक जिल्ला भनी तोकिएका जिल्लामा बालअधिकार हनन अनुगमनका लागि तल उल्लेख गरिएका थप कार्यक्रम सञ्चालन गरिनुका साथै बालअधिकार हननका घटनाहरूको गहन ढंगले विवरण संकलन गरी सूचना सम्प्रेषण गर्नुपर्दछ ।

**प्राथमिकतामा रहेका जिल्लामा अनिवार्य गरिनुपर्ने कार्य**

१. जिल्लास्तरमा राजनीतिक दल, पत्रकार, संघ-संस्था लगायतका प्रतिनिधिबीच निर्वाचन आचारसंहिता, विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा लगायतमा भएका बालअधिकार संरक्षणबारेका व्यवस्था र संविधानसभा निर्वाचनका सन्दर्भमा बालअधिकार अनुगमन गरिने बारेमा छलफल गर्ने ।

२. निर्वाचन क्षेत्रस्तरमा राजनीतिक दल, पत्रकार, संघ-संस्था लगायतका प्रतिनिधिबीच निर्वाचन आचारसंहिता, विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा लगायतमा भएका बालअधिकार संरक्षणबारेका व्यवस्था र संविधानसभा निर्वाचनका सन्दर्भमा बालअधिकार अनुगमन गरिने बारेमा छलफल गर्ने । गाउँ बालसंरक्षण समितिलगायत स्थानीय स्तरमा रहेका संरचनासमेतलाई यस कार्यमा सहभागी गराउने ।

३. निर्वाचनका क्रममा प्रयोग हुनसक्ने सम्भावित विद्यालयहरू, हाल प्रयोग भएका वा विगतमा यस्ता कार्यमा प्रयोग हुने गरेका विद्यालयमध्ये कम्तीमा २० वटाको बारेमा विस्तृत अनुगमन गर्ने । जस्मा प्रत्यक्ष सभा सम्मेलन नगरिएको भए पनि अप्रत्यक्ष रूपमा भएका गतिविधिबाट पढाइमा पुग्न गएको बाधा, बालबालिकाको प्रयोग, शिक्षकको प्रयोगका कारण विद्यालय सञ्चालनमा परेको बाधा लगायतका कुराहरू समेत समेट्ने । विस्तृत अनुगमनका प्रक्रियाको बारेमा तल उल्लेख गरिएको छ ।

४. सम्भव भएसम्म २० जना निर्वाचनका क्रममा प्रयोग भएका बालबालिकाहरूसँग विस्तृत कुराकानी (गहन अन्तर्वार्ता) गरी सूचना संकलन गर्ने ।

५. निर्वाचनका सन्दर्भमा बालअधिकार हनन हुने कार्य नगर्न, निर्वाचन आचार संहिता तथा विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचामा भएका व्यवस्थाबारे तथा यस्ता कार्य भए-गरेको देखे थाहा पाए जि.बा.क.स.मा खबर गर्न अनुरोध गरिएका पर्चा वितरण गर्ने, स्थानीय एफएमबाट सूचना प्रवाह गर्ने ।

६. जिल्ला बालक्लब सञ्जालमार्फत संविधानसभा निर्वाचनमा बालअधिकार हनन अनुगमनका कार्य भइरहेको जानकारी गराई आफ्नो क्षेत्रमा त्यस्तो बालअधिकार हननका घटना भएमा जिल्ला बालकल्याण समितिमा जानकारी गराउन अनुरोध गर्ने । तर, बालबालिकालाई अनुगमनका कार्यमा प्रयोग वा परिचालन गर्न भने पाइने छैन ।

**विस्तृत अनुगमन तथा गहन अन्तर्वार्ताका लागि सुझाव**

***विस्तृत अनुगमनका क्रममा निम्न कुराको अवलम्बन गरिनुपर्दछ :***

- अनुगमनका लागि विद्यालय छनौट गर्दा विगतका अनुभव, राजनीतिक प्रतिस्पर्धा, पर्यवेक्षकहरूको सुझाव, सञ्चारकर्मी तथा यस क्षेत्रमा क्रियाशील संघ-संस्थाहरूको सुझावको आधारमा सबैभन्दा धेरै जोखिममा रहेका विद्यालयहरूको छनौट गरिनुपर्दछ ।

- विद्यालय अनुगमनका सन्दर्भमा सम्बन्धित विद्यालयमा निर्वाचन र निर्वाचन सम्बन्धी राजनीतिक गतिविधिका कारण परेका प्रभावहरू, विद्यालय हातामा गरिएका राजनीतिक क्रियाकलापहरू र त्यसले बालबालिकाको शैक्षिक तथा मानसिक अवस्था र सुरक्षामा परेका असरका बारेमा बढी जानकारी संकलन गरिनुपर्दछ ।

- अनुगमन सहयोगी पुस्तिकामा उल्लेख गरिएका बालअधिकार हननका घटनाका सूचीहरूलाई नै विस्तृत अनुगमन कार्यमा पनि प्रयोग गर्न सकिन्छ ।

- सम्बन्धित जिल्लामा विस्तृत अनुगमनका लागि भएका निर्वाचन क्षेत्रहरूमा समान ढंगले र सकेसम्म समान संख्यामा नमुना छनौट गर्नुपर्दछ ।

- विस्तृत अनुगमनका क्रममा छुटाउन नहुने प्रमुख सवालहरू निम्न छन् :

    - निर्वाचनको सन्दर्भमा सम्बन्धित विद्यालय परिसरमा भएका निर्वाचन तथा राजनीतिक गतिविधिहरूको संख्या कति छ ? त्यसमध्ये विद्यालय समयमा कति भएका छन् ? कुन उम्मेदवार वा राजनीतिक दलबाट कति संख्यामा राजनीतिक गतविधि भएका छन् ?

- निर्वाचनको सन्दर्भमा भएका राजनीतिक कार्यक्रमहरू, सभा सम्मेलन, प्रचार-प्रसार तथा र्‍याली-जुलुसहरूमा उक्त विद्यालयका कति विद्यार्थी (कक्षागत आधारमा) र कति शिक्षकहरूलाई संलग्न गराइएको छ ? कति पटक र कुन-कुन उम्मेदवार वा राजनीतिक दलहरूबाट यस्ता कार्यहरू भएको छ ? विद्यार्थीहरू यस्ता कार्यक्रममा सहभागी हुँदा छुटेको पढाइ,  शिक्षकहरू संलग्न हुँदा पठन-पाठनमा परेको असर तथा बालबालिकाले राजनीतिक कार्यक्रममा सहभागी हुँदा भोग्नुपरेका कठिनाइको विवरण के-कस्तो रहेको छ ?

- निर्वाचन तथा राजनीतिक कार्यक्रममा प्रयोग भएको अवस्थामा तथा राजनीतिक द्वन्द्व र झडपका कारण विद्यालयका कुनै पनि भौतिक सम्पत्ति, शैक्षिक सामग्रीहरूमा क्षति पुगेको छ कि छैन ? सम्बन्धित राजनीतिक सँगठन तथा उम्मेदवारले त्यसको जिम्मेवारी लिए कि लिएनन् ? पुगेको क्षतिको मर्मत सम्भारको लागि क्षतिपूर्ति गरियो कि गरिएन ? यसरी भौतिक सामग्रीहरूमा क्षति पुग्नाले विद्यालयको पठनपाठन र बालबालिकालाई परेका असरहरू के -कस्ता रहेका छन् ?

- विद्यालय नजिकै विद्यालय समयमा नै पर्ने गरी निर्वाचन तथा राजनीतिक कार्यक्रमहरू सञ्चालन गरिएको छ कि छैन ? यस्ता कार्यक्रममा प्रयोग गरिएको माइक, बजाइएको संगीत लगायतले विद्यालयको पठन-पाठनमा के-कस्तो असर पारेको छ ?

- निर्वाचन तथा राजनीतिक प्रचार-प्रसारका लागि विद्यालयका भित्ता तथा परिसरभित्र तुल ब्यानर टाँग्ने, पोष्टर पम्प्लेट टाँस्ने, भित्ते लेखन गर्नेजस्ता कार्य भएका छन् कि छैनन् ? भएको छ भने कुन-कुन राजनीतिक दल तथा उम्मेदवारबाट त्यस्तो भएको

छ ? यस बारेमा सम्बन्धित राजनीतिक दल र उम्मेदवारलाई भनिएको छ कि छैन ? के उनीहरूले यसलाई मेटाउने तथा हटाउने काम गरे ?

- निर्वाचन तथा राजनीतिक गतिविधिहरूमा बालबालिकालाई कसरी के के कामका लागि कुन उम्मेदवार, राजनीतिक दल वा दलका प्रतिनिधिले प्रयोग गरेका छन् ? यस्ता घटनाहरूबाट प्रभावित वा संलग्न गराइएका बालबालिकाको संख्या कति रहेको छ ? यस्ता कार्यमा संलग्न हुँदा बालबालिकाले भोग्नुपरेको कठिनाइ, हिंसाको अवस्था कस्तो रहेको छ ?

- बालबालिकाको प्रयोग तथा बिद्यालयलाई नकारात्मक असर पार्ने गरी भएका यस्ता कार्यहरू तथा निर्वाचनमा बालअधिकार हननका घटनाहरूका बारेमा निर्वाचन कार्यालयमा उजुरी गरिएको छ कि छैन ? निर्वाचन कार्यालयबाट सम्बन्धित राजनीतिक दल तथा उम्मेदवारका कार्यालयहरूलाई सचेत गराइएको छ कि छैन ? निर्वाचन कार्यालयको हस्तक्षेपपश्चात् उक्त कार्यहरू रोकियो कि रोकिएन ? पीडित तथा प्रभावित बालबालिका एवम् विद्यालयलाई क्षतिपूर्ति उपलब्ध भयो कि भएन ? यदि प्रचलित ऐनमा उल्लेख भएका अपराधका कार्यहरू भएको भए प्रचलित ऐनबमोजिम कार्वाही भयो कि भएन ? यस बारेमा निर्वाचन कार्यालय तथा सम्बन्धित कार्यालयको भनाइ के रहेको छ ?

- यसरी गरिने अनुगमनका क्रममा घटनाको सत्य-तथ्य सावित गर्न सहयोग पुग्नसक्ने तस्बीर, दृश्य, समाचारआदि संकलन गर्न बिर्सनु हुँदैन । तर, बालबालिका वा सार्वजनिक पदमा रहेका वयस्कबाहेक अन्य वयस्क व्यक्तिहरूसँग अन्तर्वार्ता गर्दा

तथा तस्बीर लिंदा उनीहरूको गोपनीयता कायम राख्नुपर्दछ । सार्वजनिक स्थानमा बाहेक निजी परिवेशमा कुनै पनि तस्बीर लिनका लागि सम्बन्धित पक्षको पूर्वअनुमति लिनुपर्दछ ।

अन्तर्वार्ता गर्दा खुला प्रश्नको बढी प्रयोग गर्ने, विभिन्न कोणबाट प्रश्न गरी घटनाको तथ्य र सत्यको नजिक पुग्ने प्रयत्न गर्नुपर्दछ । यसो गर्दा कहिल्यै पनि नकारात्मक र आलोचनात्मक प्रश्न मात्र गर्ने तथा कसैलाई आरोपित मात्र गर्ने गर्नुहुन्न, नम्र, सभ्य र शिष्ट भाषा-शैलीमा खुला प्रश्नको प्रयोग गर्नुपर्दछ ।

**बालबालिकासँगको अन्तर्वार्तामा अपनाउनुपर्ने विशेष सावधानी**

निर्वाचन अनुगमनको सिलसिलामा बालबालिकाको अधिकार हनन भएको घटना देखिएमा तत् सम्बन्धमा बालबालिकासित बुझ्नुपर्ने अवस्थामा अथवा बालबालिकासित कुराकानी गर्नुपरेमा विचार पुऱ्याउनुपर्ने विषयहरू :

- बालबालिकासँग सम्बन्धित विषयमा कुराकानी गर्दा सत्य-तथ्यमा आधारित रहनुका अतिरिक्त त्यसमा प्रयुक्त शब्दहरूको संवेदनशीलता तथा स्तरीयतामा ध्यान दिने ।

- कुनै पनि प्रकारका कुराकानी गर्दा बालबालिकालाई नकारात्मक प्रभाव पर्ने कुनै काम भयो कि भनेर ध्यान दिने ।

- कुनै प्रकारको दबावविना बालबालिकालाई आफ्नो अभिव्यक्ति खुलस्त पार्न प्रोत्साहन दिने ।

- बालबालिकाबाट प्राप्त जानकारी आफ्नो तर्फबाट प्रमाणित गर्नुपर्छ तर प्रमाणीकरणका क्रममा उसलाई कुनै प्रकारको हानी-नोक्सानी वा असजिलो पार्नुहुन्न ।

- बालबालिकाहरूसित कुराकानी गर्दा उनीहरूविरूद्ध यौन दुर्व्यवहार वा अन्य कुनै कानुनविपरीत नहुने गरी कार्य गर्न सचेत हुने ।  ।

- बालबालिका अथवा उनीहरूको अभिभावकको अनुमति नलिई उनीहरूको फोटो खिच्ने, काम नगर्ने ।

- बालहितमा बोल्ने भनिएका संस्थाहरूलाई मात्र स्रोत मानेर बालअधिकार उल्लंघनका घटनाहरू पठाउनुअघि सकेसम्म उनीहरूको विश्वसनीयता परख गर्ने ।सूचना दिने बालबालिकालाई कुनै लोभ-लालच दिई कुराकानी गर्न प्रेरित गरिनु हुदैन । केटाकेटीसँग मात्र होइन उनीहरूका अभिभावकसँग पनि कुराकानी गर्नुपर्छ ।

## विस्तृत अनुगमन फारामको नमुना

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बालकल्याण समिति

## बालअधिकार हनन विस्तृत विद्यालय अनुगमन फाराम

फाराम नं.:.................

घटना नं........../......जिल्ला

*(यसअघि प्रतिवेदन गरिसकिएको घटनाको थप विवरण भए कृपया सोही प्रतिवेदनको घटना नं. उल्लेख गर्नुहोस्)*

**जिल्ला :.................................गाविस नपाः....................वडा नं......**

**टोलः................................विद्यालयको नामः..................................**

**अनुगमन टोलीका सदस्यः**

**अन्तर्वार्ता गरिएका ब्यक्तिः**

**भएका बालअधिकार हननको विवरण**

| सि.नं. | बालअधिकार हननको विवरण (सूचीका आधारमा) | कसले गराएको | कहिले गराएको | पीडित तथा प्रभावित बालबालिकाको विवरण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**अनुगमनका क्रममा संकलन गरिएका तस्बीर तथा समाचार एवम् अन्य सामग्रीहरूको सूची :**

**अनुगमन मितिः...........................प्रतिवेदन मितिः...........................**

***यसपश्चात् हरेक घटनाको विस्तृत विवरण एक छुट्टै पानामा उल्लेख गर्नुहोस् ।***

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बालकल्याण समिति

## बालअधिकार हनन विस्तृत अनुगमन फाराम

फाराम नं.:..................

घटना नं........../......जिल्ला

*(यसअघि प्रतिवेदन गरिसकिएको घटनाको थप विवरण भए कृपया सोही प्रतिवेदनको घटना नं. उल्लेख गर्नुहोस्)*

**जिल्ला :**.................................**गाविस नपाः**....................**वडा नं**......

**टोलः**.................................

**पीडित वा प्रभावित बालबालिकाको विवरण (नाम वा सामूहिक परिचय र संख्या) :**

**अनुगमन टोलीका सदस्यः**

**अन्तर्वार्ता गरिएका व्यक्तिः**

**बालअधिकार हननको विवरण**

| सि.नं. | बालअधिकार हननको विवरण (सूचीका आधारमा) | कसले गराएको | कहिले गराएको | कहाँ भएको घटना |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**अनुगमनका क्रममा संकलन गरिएका तस्बीर तथा समाचार एवम् अन्य सामग्रीहरूको सूची :**

**अनुगमन मितिः**...........................**प्रतिवेदन मितिः**............................

***यसपश्चात् हरेक घटनाको विस्तृत विवरण एक छुट्टै पानामा उल्लेख गर्नुहोस् ।***

# संविधानसभा सदस्य निर्वाचन, २०७०
# बालअधिकार अनुगमन
## सहयोगी पुस्तिका

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**
हरिहरभवन, पुल्चोक, ललितपुर

# निर्वाचनमा बालबालिकाको प्रयोग नगरौं !

राजनैतिक दल, उम्मेदवारले निर्वाचन अभियानमा बालबालिका र विद्यालयको प्रयोग गर्नु निर्वाचन आचार संहिताको उल्लंघन हो ।

- चुनाव मे बच्चा सबके काज मे नै लगाउ
- चुनाव मे बच्चाबच्ची सके काम मे ना लगाई
- चुनाव मे बालबच्चा सबके नै खटाउ
- निर्वाचनरी जा जा कोल्दुगुदा प्रयोग आलागे
- मस्तेत चुनावे छयेलेगु ज्या मयायेनु
- चुनावाङ माहर्च नानीबाबु कोके माह्वासिङ, प्रयोग माजाटिङ
- चुनाउमा मुल्यामुली प्रयोग जनअऱ्या
- Let's not use children for election



# बालअधिकारको संरक्षण गरौं !

बालबालिका तथा विद्यालयलाई शान्ति क्षेत्र बनाउनु सबै राजनैतिक दलको दायित्व हो ।

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**